Gahanna-Jefferson Public Schools
160 South Hamilton Road Gahanna, OH 43230 (614) 471-7065 www.GahannaSchools.org

अप्रिल ६, २०२१

प्रिय GJPS परिवारहरु,

पहिले नै उल्लेख गरिएझैं, गहन्ना-जेफरसन पब्लिक स्कूलहरूले (Gahanna-Jefferson Public Schools) GJPSको १६ देखि १८ बर्ष उमेरका विद्यार्थीहरूको लागि GLHS प्रेक्षालयमा एक **स्वैच्छिक** कोभिड-१९ खोप क्लिनिकको आयोजना गर्न नेशनवाईड बाल अस्पतालसंग (Nationwide Children's Hospital) साझेदारी गर्दैछ।

फाइजर (Pfizer) खोपको पहिलो मात्रा निम्न स्कूल दिनमा लगाईने छ:
शुक्रवार, अप्रिल १६
मंगलबार, अप्रिल २०

फाइजर (Pfizer) खोपको दोस्रो  मात्रा निम्न स्कूल दिनमा लगाईने छ:
शुक्रवार, मे ७
मंगलबार, मे ११

**स्वैच्छिक भेट (एपोइन्टमेन्ट) सुरक्षित गर्न:**

यस समयमा, GJPSले प्रत्येक सत्रको लागि केवल ४०० वटा खोपहरू प्राप्त गरीरहेको छ, जुन खोप लिन चाहने प्रत्येक विद्यार्थीलाई पर्याप्त नहुन सक्ने कुरा सुनिश्चित गर्न चाहान्छौं। विद्यार्थीहरूको सहमति फारमहरू प्राप्त गरिएको आधारमा उनिहरुको नाम दर्ता हुनेछ र खोप प्रदान गरिनेछ।

- विद्यार्थी १६-१८ वर्षको हुनुपर्छ र गहन्ना-जेफरसन सार्वजनिक स्कूलमा (Gahanna-Jefferson Public Schools) भर्ना भएको हुनुपर्दछ।
- सहमति फारम विद्यार्थीहरूको अभिभावक वा संरक्षक द्वारा हस्ताक्षर गरिएको र मंगलवार, अप्रिल १३ सम्ममा GLHS मुख्य कार्यालय बुझाएको हुनुपर्छ।
- आफ्नो खोप लिनुभन्दा एक दिन अघि, विद्यार्थीहरूलाई उनीहरूको भेट (एपोइन्टमेन्ट) समय र मितिको लेखिएको कागज मुख्य कार्यालयबाट दिइनेछ।

GJPSलाई कोभिड-१९ खोप क्लिनिकको आयोजना गर्ने अवसर प्रदान गरेकोमा हामी नेशनवाईड बाल अस्पताल (Nationwide Children's Hospital) प्रति आभारी छौं। यस **भ्याक्सिन तथ्य पानाले** तपाईंलाई फाइजर (Pfizer) खोपको बारेमा जानकारी प्रदान गर्नेछ। यदि तपाईंसँग अरु प्रश्नहरू छन् भने कृपया (614) 471-7065 मा सम्पर्क गर्नुहोस् र उनीहरूले तपाईंको फोनको उत्तर दिनेछन्।

भवदीय,

स्टीव ब्यारेट (Steve Barrett)
सुपरिटेन्डेन्ट
गहन्ना-जेफरसन सार्वजनिक स्कूलहरू (Gahanna-Jefferson Public Schools)